**सुरुमा यस बुलेटिनका प्रमुख समाचार:**

1. भारत र सिङ्गापुरबीच व्यापार र आर्थिक सम्बन्ध सुदृढ गर्न आज दोस्रो मन्त्रीस्तरीय गोलमेज सम्मेलन सम्पन्न
2. केन्द्र सरकारले लद्दाखको केन्द्र शासित प्रदेशमा पाँच नयाँ जिल्लाहरू सिर्जना गर्ने निर्णय
3. भारतीय जनता पार्टीले जम्मू र कश्मीर विधानसभा चुनावको पहिलो चरणको लागि 15 उम्मेदवारहरूको सूची जारी
4. कृष्णजन्माष्टमीको पर्व देशभर धार्मिक हर्षोल्लासका साथ मनाइँदै
5. अनि काठमाडौंमा जारी साफ U–२० फुटबल प्रतियोगिताको सेमिफाइनलमा बंगलादेशद्वारा भारत पराजित, फाइनल खेल बुधबार खेलिने

---------------------------------

1. India Singapore Round Table

भारत र सिङ्गापुरका मन्त्रीहरुको दोस्रो गोलमेच बैठक आज सिंगापुरमा सम्पन्न भएको छ। बैठकमा भारत र सिङ्गापुरका नेताहरूले दुई देशबीचको सहयोग अभिवृद्धि गर्ने उपायबारे छलफल गरेका थिए। दुवै देशले ६ वटा प्रमुख क्षेत्र छनौट गरेका छन्। यसमा डिजिटलीकरण, सीप विकास, दिगोपन, स्वास्थ्य सेवा र औषधि, अनि अत्याधुनिक उत्पादन र जडान सुविधाहरू समावेश छन्। बैठकमा वित्तमन्त्री श्रीमती निर्मला सीतारमण, विदेशमन्त्री डा. सुब्रह्मण्यम जयशंकर, रेल, सूचना तथा प्रसारण मन्त्री श्री अश्विनी वैष्णव र वाणिज्य तथा उद्योग मन्त्री श्री पियुष गोयल सहभागी हुनुहुन्थ्यो। सिंगापुरका तर्फबाट उपप्रधानमन्त्री श्री गन किम योङले प्रतिनिधिमण्डलको नेतृत्व गर्नुभएको थियो। भारत र सिंगापुरबीचको आपसी व्यापारमा निरन्तर वृद्धि भएको छ। सिंगापुर भारतको छैटौं ठूलो व्यापारिक साझेदार हो। भारतको समग्र व्यापारमा सिंगापुरको हिस्सा २.९ प्रतिशत छ र यो भारतमा प्रत्यक्ष विदेशी लगानीको सबैभन्दा ठूलो स्रोत बनेको छ।

---------------------------------

2. Nirmala - FATF

वित्तमन्त्री श्रीमती निर्मला सीतारमणले आज सिंगापुरमा फाइनान्सियल एक्शन टास्क फोर्स - एफएटीएफका अध्यक्ष श्री टी राजा कुमारसँग भेट्नभयो।। श्रीमती सीतारामनले श्री कुमारलाई उहाँले कार्यकाल सफलतापूर्वक पूरा गरेकोमा बधाई दिनुभयो। दुवैले FATF को भविष्य र संगठनमा भारतको भूमिकाबारे विचारविमर्श गर्नुभएको थियो।

---------------------------------

3. Jitendra Singh Biotech

केन्द्रीय विज्ञान र प्रविधि मन्त्री डा जितेन्द्र सिंहले प्रधानमन्त्री श्री नरेन्द्र मोदीले सुरु गर्नुभएको नयाँ जैव नीतिले आगामी वर्षहरूमा भारतलाई विश्वव्यापी नेताको रूपमा स्थापित गर्ने कुरामा जोड दिनुभएको छ। नयाँ दिल्लीमा नयाँ जैव-आर्थिक नीतिलाई सम्बोधन गर्दै डा सिंहले देशको जैविक अर्थतन्त्रमा सन् २०१४ मा १० अर्ब अमेरिकी डलरबाट सन् २०२४ मा १३० अर्ब अमेरिकी डलरमा उल्लेखनीय वृद्धि भएको बताउनुभयो।

----------------------------------

4. MHA Ladakh

केन्द्र सरकारले लद्दाखको केन्द्र शासित प्रदेशमा झांस्कर, द्रास, शाम, नुब्रा र चाङ्थाङ गरी पाँच नयाँ जिल्लाहरू बनाउने निर्णय गरेको छ। गृहमन्त्री श्री अमित शाहले आज एक पोस्टमा बताउनुभएअनुसार विकसित र समृद्ध लद्दाख निर्माण गर्ने प्रधानमन्त्री श्री नरेन्द्र मोदीको परिकल्पनालाई अगाडि बढाउँदै यस्तो निर्णय गरिएको हो। उहाँले लद्दाखका जनतालाई प्रशस्त अवसर प्रदान गर्न सरकार प्रतिबद्ध रहेको पनि बताउनुभयो ।

----------------------------------

5. BJP –J&K New List

भारतीय जनता पार्टीले आज जम्मू कश्मीर विधानसभा चुनावका लागि 15 उम्मेदवारहरूको संशोधित सूची जारी गरेको छ। यसअघि पार्टीले विधानसभा निर्वाचनका लागि ४४ उम्मेदवारको नामावली सार्वजनिक गरेको थियो, जुन पछि फिर्ता लिइएको थियो । सेप्टेम्बर १८ देखि जम्मू कश्मीरमा तीन चरणमा विधानसभा चुनाव हुँदैछ। ९० सदस्यीय प्रतिनिधिसभाको मतगणना अक्टोबर ४ मा हुने बताइएको छ।

----------------------------------

6. BJP – Kangana Ranaut

भारतीय जनता पार्टी किसान आन्दोलनका सम्बन्धमा सांसद कंगना रनौतको भनाइबाट अलग्गिएको छ । एक विज्ञप्तिमा, पार्टीले सुश्री रनौतलाई नीतिगत मुद्दाहरूमा टिप्पणी गर्ने अधिकार नदिएको बताएको छ। पार्टीले सुश्री रनौतलाई भविष्यमा यस्ता अभिव्यक्ति नदिन आग्रह गरेको छ । भाजपा पार्टीले सबका साथ, सबका विकास, सबका विश्वास र सबका प्रयासका साथ सामाजिक सद्भावको सिद्धान्तलाई पछयाएको बताएको छ।

----------------------------------

7. Indian Coast Guard

भारतीय तटरक्षक बलले आज मालवाहक जहाज आईटीटी पुमाका ११ जना चालक दलका सदस्यहरूलाई उद्धार गरेको छ। कोलकाताबाट पोर्ट ब्लेयर जाँदै गर्दा पश्चिम बंगालको सागर टापु नजिकै जहाज डुबेको थियो।

---------------------------------

8. Janmasthami

कृष्णजन्माष्टमी पर्व आज देशभर हर्षोल्लास र भक्तिभावका साथ मनाइँदैछ। यो पर्व भगवान श्रीकृष्णको जन्मको सम्झनामा मनाइन्छ। उत्तर प्रदेशको मथुरा र वृन्दावनमा विशेष उत्साह रहेको हाम्रो संवाददाताले जानकारी दिएका छन्। राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु, उपराष्ट्रपति श्री जगदीप धनखर र प्रधानमन्त्री श्री नरेन्द्र मोदीले जन्माष्टमीको देशवासीहरूलाई शुभकामना दिनुभएको छ।

---------------------------------

9. Odisha – Bird Flue

ओडिशामा बर्डफ्लुको प्रकोप बढेपछि पुरी जिल्लाको पिपिलीमा हजारौं कुखुरा मारिएका छन्। प्राप्त जानकारीअनुसार राज्य सरकारले ती मारिएका कुखुराहरू प्रोटोकल अनुसार गाडिने र पोल्ट्री फार्मलाई सरसफाइ गर्ने बताइएको छ। भखरै राष्ट्रिय उच्च सुरक्षा पशु रोग संस्थान, भोपालले पिपिली क्षेत्रबाट लिएको नमूनामा एभियन इन्फ्लुएन्जा एच–५एन–१ संक्रमण भेटिएको थियो। मानिसहरूलाई केही दिन कुखुराको मासु नखान पनि सुझाव दिइएको छ।

---------------------------------

10. IMD Weather

मौसम विभागले आज गुजरात, राजस्थान, पश्चिम मध्य प्रदेश, गोवा, तटीय कर्नाटक, दक्षिणी आन्तरिक कर्नाटक र मध्य महाराष्ट्रका केही भागहरूमा अत्यधिक वर्षाको उच्च सतर्कता जारी गरेको छ। विभागले सौराष्ट्र, कच्छ र गुजरात, जम्मू कश्मीर, लद्दाख र पञ्जाबका केही भागमा भोलिसम्म भारी वर्षा हुने जनाएको छ। अर्कोतर्फ, दक्षिण भारतमा पनि केरला, तटीय आन्ध्र प्रदेश, तेलंगाना र कर्नाटकमा आगामी तीन दिनसम्म यस्तो अवस्था रहनेछ। पूर्वी र उत्तरपूर्वी भारत, झारखण्ड, बिहार, ओडिशा, नागाल्याण्ड, मणिपुर, मिजोरम, त्रिपुरा, असम, मेघालय र अण्डमान र निकोबार टापुहरूमा आगामी दुई दिनसम्म भारी वर्षाको सम्भावना छ।

---------------------------------

11. Legends League-1700

भारतका पूर्व ओपनर शिखर धवन अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्यास लिएर आज लेजेन्ड्स लिग क्रिकेटमा प्रवेश गरेका छन्। उनले शनिबार अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्यासको घोषणा गरेका थिए। धवनले अब इन्डियन प्रिमियर लिग बाहेक टी–२० लिग खेल्न सक्नेछन्। धवनले आफ्नो क्रिकेट करियरमा अहिलेसम्म ३४ टेस्ट, १६७ एकदिवसीय र ६८ टी-२० खेलमा भारतको प्रतिनिधित्व गरेका छन् र अन्तर्राष्ट्रिय क्रिकेटमा कुल १२,२८६ रन बनाएका छन्। लिजेन्ड्स लिग क्रिकेट प्रतियोगिता सेप्टेम्बरमा हुनेछ।

---------------------------------

12. SAFF U-20 Championship

काठमाडौंमा जारी साफ U–२० फुटबल प्रतियोगिताको दोस्रो सेमिफाइनलमा बंगलादेशले भारतलाई टाइब्रेकरमा ४–३ ले हराएको छ। यो खेल काठमाडौंको एन्फा मैदानमा खेलिएको थियो। निर्धारित समयको खेल १–१ को बराबरीमा टुंगेको थियो र यससँगै प्रतिस्पर्धा सिधै पेनाल्टी सुटआउटमा प्रवेश गरेको थियो। फाइनल खेल बुधबार हुनेछ। साफ यू–२० च्याम्पियनसिपको फाइनलमा नेपालले बंगलादेशको सामना गर्ने भएको छ। प्रतियोगिताको पहिलो सेमिफाइनलमा पनि नेपालले भुटानलाई टाइब्रेकरमै पराजित गरेको थियो।

---------------------------------

**अन्त्यमा यस बुलेटिनका प्रमुख समाचार पुन: एकपटक**

1. भारत र सिङ्गापुरबीच व्यापार र आर्थिक सम्बन्ध सुदृढ गर्न आज दोस्रो मन्त्रीस्तरीय गोलमेज सम्मेलन सम्पन्न
2. केन्द्र सरकारले लद्दाखको केन्द्र शासित प्रदेशमा पाँच नयाँ जिल्लाहरू सिर्जना गर्ने निर्णय
3. भारतीय जनता पार्टीले जम्मू र कश्मीर विधानसभा चुनावको पहिलो चरणको लागि 15 उम्मेदवारहरूको सूची जारी
4. कृष्णजन्माष्टमीको पर्व देशभर धार्मिक हर्षोल्लासका साथ मनाइँदै
5. अनि काठमाडौंमा जारी साफ U–२० फुटबल प्रतियोगिताको सेमिफाइनलमा बंगलादेशद्वारा भारत पराजित, फाइनल खेल बुधबार खेलिने

---------------------------------